ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

# युनेस्कोद्वारा ललितपुर महानगरपालिकालाई
# “संगीतको सिर्जनात्मक शहर”
# “Creative City of Music”
# घोषणा गरिएको सन्दर्भमा जारी
# प्रेस विज्ञप्ति

मितिः २०८२/०७/२०, ने.सं.: ११४६ कछलागा पारू
पाटन दरवार स्क्वायर, ललितपुर

संस्कृति तथा सिर्जजनशीलतालाई दिगो विकासको वाहकको रुपमा अंगिकार गरेका शहरहरुलाई एकै थलोमा ल्याई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने हेतुले सन् २००४ देखि युनेस्कोले **“युनेस्को सिर्जनात्मक शहरहरुको सञ्जाल”** को सुरुवात गरेको हो। स्थानीयस्तरमा रहेका व्यक्तिहरुमा रहेको दक्षताको उचित मूल्याङ्कन गर्दै सिर्जनशील पेशाकर्मीहरुलाई आवश्यक सहयोग पुऱ्याउनु, स्थानीय वासिन्दाहरुलाई सक्दो संलग्न गराई रोजगारी सिर्जना गर्नुका साथै उनीहरुको आर्थिकस्तर उकास्नु र सामाजिक सद्भाव अभिवृद्धि गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। यस सञ्जालको माध्यमबाट सञ्जालमा आवद्ध शहरहरु बीचको आपसी सहयोग र अनुभव आदान प्रदान गरेर शहरहरुको आर्थिक तथा सामाजिक वातावरणमा सकारात्मक परिवर्तन ल्याउन यो कार्यक्रमको महत्वपूर्ण योगदान र भूमिका रहेको छ।

यस सञ्जाल अन्तर्गत देहायका विधाहरु रहेका छन्-

(१) हस्तकला तथा लोक कला (Crafts & Folk Arts)
(२) डिजाइन (Design)
(३) फिल्म (Film)
(४) खानपान (Gastronomy)
(५) साहित्य (Literature)
(६) मिडिया कला (Media Arts)
(७) संगीत (Music)
(८) वास्तुकला (Architecture)

यी आठवटा विधाहरु मध्ये जुनसुकै विधामा सञ्जालको सदस्यताको लागि कुनैपनि शहरले विधिवत रुपमा प्रस्ताव पेश गरेपछि विज्ञहरुको टोलीबाट सिफारिस गरेको आधारमा सञ्जालको सदस्यता दिइन्छ। यस सञ्जालको सदस्यस्ता प्राप्तिका लागि आवेदक शहरहरुले कम्तिमा ४ वर्षको कार्ययोजना सहित माथि उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि प्रतिवद्धता जनाउनु पर्छ। यस वर्ष प्रदान गरिएको सदस्यता समेत गरी हालसम्म संसारका १०० भन्दा बढी मुलुकका ४०८ वटा शहरहरुले विभिन्न विधाहरुमा यस सञ्जालको सदस्यता प्राप्त गरिसकेका छन्। अघिल्ला वर्षहरुमा विभिन्न सहरहरुलाई फरक फरक विधामा सदस्यता



Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np

दिए झैं यस वर्ष (२०२५) ललितपुर महानगरपालिकालाई यस सञ्जालबाट संगीत विधामा सदस्यता प्रदान गरी ललितपुर महानगरपालिकालाई युनेस्को संगीतको सिर्जनात्मक शहरको रुपमा मान्यता प्रदान गरिएको छ।

काठमाण्डौ उपत्यकाको प्रमुख तीन शहरहरुमा ललितपुर सबैभन्दा पुरानो शहर हो। विभिन्न अनुसन्धान सामग्रीहरुमा उल्लेख भए अनुसार यो शहर लगभग २००० वर्ष भन्दा पुरानो शहर हो। झण्डै ३ लाखको हाराहारीको जनसंख्या रहेको ललितपुर महानगरपालिका पाटन शहरको नामले समेत प्रसिद्ध छ। शहरको चारदिशामा रहेको बौद्ध स्तुपाहरु, जसलाई मौर्य सम्राट अशोक कालिन मानिन्छ। यि तथ्यहरुले पाटन अर्थात ललितपुरको इतिहास इशापूर्व तेश्रो शताब्दीमा जोडिन्छ। यस शहर भित्र मल्लकाल सहित विभिन्न कालखण्डमा निर्मित विभिन्न भौतिक, सांस्कृतिक सम्पदा तथा प्रत्येक भौतिक सम्पदाको अभिन्न अंगको रुपमा रहेको पूजाआजा, नाचगान तथा बाजागाजाको नियमित अभ्यासका कारण काठमाण्डौ उपत्यका विश्व सम्पदाको संरक्षित स्मारक क्षेत्रको रुपमा संसारभर परिचित छ। यसले सांस्कृतिक वैभवतालाई उजागर गरेको छ। ललितपुर महानगरभित्र बसोबास गर्ने नगरवासीहरु मध्ये धेरैले परम्परागत कला, सीप, हस्तकला तथा साना तथा घरेलु उद्योगहरुलाई आफ्नो पेशाको रुपमा अंगालेका छन्। अतः यो शहर जीवन्त सिर्जनात्मक शहरको रुपमा स्थापित भएको छ ।

ललितपुर नगर भित्र रहेका विविध अमूर्त सांस्कृतिक सम्पदाहरु मध्ये संगीत विधासँग ललितपुरबासीहरुको अन्योन्याश्रित सम्बन्ध रहेको छ। नगरका प्रत्येक नागरिकहरुको दैनिकी मन्दिरहरुमा गरिने पूजा अर्चना र भजन किर्तनबाट शुरु हुन्छ। यस शहर भित्र विभिन्न अवसरहरुमा बजाइने परम्परागत तथा लोक बाजाहरुले एकातिर दिन प्रतिदिन प्रसिद्धि पाइरहेको छ भने अर्कोतिर संगीत तथा नृत्यको माध्यमबाट रोजगारीको नयाँ अवसर समेत सिर्जना भइरहेका छन्।

ललितपुर महानगरपालिकाले संगीतको माध्यमबाट नगरबासीलाई रोजगारीको नयाँअवसर सिर्जना गर्न सक्ने महसुस गरी परम्परागत संगीतको संरक्षण गर्दै समकालीन संगीतलाई समेत समेट्दै यूनेस्कोले पहिचान गरेको अन्य सिर्जनात्मक विधाहरुलाई समेत एकिकृत रुपमा अगाडि बढाउन सकेमा आफ्नो छुट्टै पहिचानको स्थापना गर्दै अर्थतन्त्रमा समेत उल्लेख्य सहयोग पुर्‍याउन सकिने विश्वासका साथ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यिनै तथ्यहरुलाई मध्यनजर गर्दै ललितपुर महानगरपालिकाले संगीत विधामा "यूनेस्को सिर्जनात्मक शहरहरुको सञ्जाल"को सदस्यताको लागि पहल गरेको हो। फलस्वरुप २०२५ अक्टोबर ३१ मा **"विश्व शहर दिवस"** को अवसर पारेर ललितपुर महानगरपालिकालाई **"युनेस्को संगीतको श्रृजनात्मक शहर"** घोषणा गरिएको छ। युनेस्कोबाट संगीत विधामा सदस्यता प्राप्त गरेसँगै ललितपुर



Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np

महानगरपालिकाले संगीतको क्षेत्रमा आफ्ना क्रियाकलापलाई अघि बढाउन आगामी चार वर्षका निमित्त कार्य योजना तयार पारेको छ। जस अनुसार संगीत क्षेत्रको विकासका लागि निम्नानुसारका कार्यक्रमहरु तय गरिएका छन्:

१. **अनुसन्धान तथा शैक्षिक कार्यक्रम:**

(क) अनुसन्धानकर्ता र स्थानीय संगीतकर्मी बीच छलफल र सहकार्य गरी संगीतको माध्यमबाट आर्थिक उपार्जनको बाटो पहिल्याउने।

(ख) स्थानीय परम्परागत र परम्परागत संगीतका साथै र समकालीन संगीतको सीपलाई विद्यालय तहसम्म पुऱ्याउन विद्वत वर्ग र विद्यालयहरुसँग सहकार्य गर्ने। विद्यालयमा संगीत शिक्षकको व्यवस्था गर्ने, शिक्षकहरुलाई तालिम प्रदान गर्ने र विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने।

(ग) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगीतज्ञ तथा अनुसन्धानकर्ताहरुका निमित्त समेत उपयोगी हुने स्थानीय संगीत परम्परा तथा विभिन्न बाजागाजाहरु समेतलाई अभिलेखिकरण गरी श्रोत केन्द्र संचालन गर्ने।

(घ) परम्परागत बाजाहरुको संरक्षण तथा सम्बर्द्धनका निमित्त परम्परागत बाजा बनाउने र बजाउन सीपको जगेर्ना गर्न आवश्यक तालिमको व्यवस्था गरी यसलाई पेशाको रुपमा स्थापित गर्दै मर्यादित बनाउने।

(ङ) परम्परागत बाद्यगुरुहरुलाई रोजगारीको अवसर सिर्जना गर्ने।

२. **नीति निर्माण तथा पहलकदमी:**

(क) संगीतलाई उद्योगको रुपमा स्थापित गर्न पहल गर्ने।

(ख) जेष्ठ पूर्णिमाको दिनलाई राष्ट्रिय संगीत दिवसको रुपमा घोषणाका लागि आवश्यक पहल गर्ने ।

(ग) स्थानीय सार्वजनिक स्थलहरुलाई सवारी रहित बनाई खुल्ला सांगितिक कार्यक्रमहरु आयोजना गर्नका लागि पूर्वाधार तयार पार्ने।

(घ) परम्परागत बाद्यवादनमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु र नयाँ पुस्ताको उल्लेख्य सहभागिताको निमित्त नीति बनाई कार्य गर्ने।

(ङ) पाठ्यक्रम बनाई विद्यालयको पाठ्यक्रममा संगीतलाई समावेश गराउने।

३. **श्रोत तथा साधनको विकास- "ललितपुर सिर्जनात्मक कला केन्द्र" को स्थापना:**

(क) संगीत सम्बन्धी अनुसन्धान केन्द्र, अभिलेखालय, तालिम केन्द्र तथा संगीतकर्मीहरुको सामुहिक जमघटको थलोको रुपमा "ललितपुर सिर्जना कला केन्द्र" (Lalitpur Center For Creative Arts-LCCA) को स्थापना गर्ने।



Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np

(ख) ललितपुर महानगरपालिका भित्र संचालन हुने संगीत सम्बन्धी सबै क्रियाकलाप संयोजन, रेखदेखको कार्य यसै केन्द्रबाट हुने व्यवस्था मिलाउने।

(ग) यस केन्द्रको संचालनका निमित्त ललितपुर महानगरपालिकाका प्रमुखको अध्यक्षतामा ललितपुर महानगरपालिका भित्रका बिभिन्न संगीत तथा अन्य सिर्जनात्मक विधासँग सम्बन्धित संघ संस्थाहरुको समेत प्रतिनिधित्व रहने गरी १५ सदस्यीय संचालक समिति बनाउने ।

(घ) युनेस्कोको अन्य संगीत शहरहरुसँगको सहकार्य तथा सहभागितामा बार्षिक रुपमा संगीत महोत्सवको आयोजना गर्ने।

(ङ) परम्परागत तथा समकालीन संगीतमा युवाहरुलाई संलग्न गराउन प्रत्येक वडामा युवा केन्द्रको स्थापना गर्ने।

(च) संगीतको अनुसन्धानका लागि विज्ञहरुको टोली गठन गर्ने।

(छ) परम्परागत डबली तथा सार्वजनिक प्रदर्शन स्थलहरुको स्तरोन्नति गर्ने।

(ज) सामाजिक तथा वातावरणीय समस्याहरुको निराकरणका निमित्त छलफलको आयोजना गर्ने।

युनेस्कोबाट ललितपुर महानगरपालिकालाई युनेस्कोले संगीतको शहरको रुपमा घोषणा पश्चात परम्परागत, समकालीन तथा आधुनिक संगीतको जगेर्ना गर्दै यस क्षेत्रमा विशेषतः युवाहरुलाई प्राथमिकताका साथ सहभागी गराई संगीतलाई रोजगारी सिर्जनाको माध्यम बनाउन महानगरपालिकालाई महत्वपूर्ण जिम्मेवारी र अवसर प्राप्त भएको छ। संगीतको माध्यमबाट ललितपुर महानगरपालिकाको छवि र परिचयलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा थप उचो बनाउन सम्पूर्ण नगरबासी र संगीत क्षेत्रमा लाग्नुभएका संगीत साधक र संगीतप्रेमीको साथ, सहयोग र शुभेच्छा निरन्तर प्राप्त हुनेमा हामी विश्वस्त छौं।

युनेस्कोबाट भएको यो घोषणाले ललितपुर महानगरपालिका गौरवान्वित भएको छ। कला, संस्कृति र सम्पदाको शहर ललितपुर महानगरपालिकालाई यो ऐतिहासिक उपलब्धि हासिल गर्नको लागि निरन्तर रुपमा सक्रिय योगदान दिनु हुने सम्बन्धित विषयका विज्ञहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत यस कार्यमा सहयोग गर्नु हुने सम्पूर्ण शुभचिन्तक, शुभेच्छुक लगायत युनेस्कोप्रति हार्दिक धन्यवादसहित आभार प्रकट गर्दछु। यसका साथै सम्पूर्ण नगरबासीलाई यो महत्वपूर्ण उपलब्धि हासिल गर्न सफल भएकोमा बधाई ज्ञापन गर्दछु।

चिरीबाबु महर्जन
नगर प्रमुख



Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np